# समाज कल्याण परिषद्

## साधारण संझौता तथा सेवा सुविधा सम्वन्धी

## निर्देशिका

## २०७१


समाज सेवा भवन

लेखनाथ मार्ग, लैनचौर, काठमाण्डौ

फोन नं. ४४१८८४६, ४४१८१११

Email: info@swc.org.np

Website:- www. swc.org.np, swcnepal.org.np



(परिषद् वोर्डको स्वीकृति मिति २०७१।१२।२७)

# समाज कल्याण परिषद्
# साधारण संभौता तथा सेवा सुविधा
# निर्देशिका - २०७१
**(दोश्रो संशोधन २०७७ सहित)**

**<u>प्रस्तावना</u>** :

नेपाली समाजको समग्र विकास र समाज सेवाको क्षेत्रमा विविध कार्यक्रमहरुको माध्यमवाट असहाय, सिमान्तकृत/विपन्न, कमजोर एवं अशक्त समुदायका व्यक्तिहरुलाई मानवोचित जीवन यापन गर्न सक्षम तुल्याउने अभिप्रायले सामाजिक संघ-संस्थाहरु तथा व्यक्तिहरुको मर्यादा एवं प्रतिष्ठा बढाउन तथा गैर सरकारी संघ संस्थाको काम कारवाहीमा प्रभावकारी समन्वय गर्न समाज कल्याण ऐन २०४९ वमोजिम समाज कल्याण परिषद्को स्थापना भएको हो । स्वदेशी गैर सरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको समन्वयकारी संस्थाको रुपमा स्थापना गरी समाज सेवाको कार्यलाई परिषद्को माध्यमवाट व्यवस्थित, पारदर्शी, छिटो छरितो र प्रभावकारी वनाउन समाज कल्याण ऐन २०४९ को दफा १२ र समाज कल्याण नियमावली २०४९ को दफा ७(४) एवं १९ तथा २२ मा भएको व्यवस्थालाई सशक्त र प्रभावकारी वनाई अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संघ संस्थाको समाज कल्याण परिषद्वाट सम्पादन गरिने कार्यलाई छिटो छरितो र पारदर्शी वनाई सम्वन्धीत पक्षहरुलाई सहज मार्गदर्शन गर्न यो निर्देशिका जारी गरिएको छ ।

**(१) <u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

(क) यस निर्देशिकाको नाम “ **साधारण संभौता तथा सेवा सुविधा सम्वन्धि निर्देशिका**” रहेको छ ।

(ख) यो निर्देशिका परिषद्वाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

**(२) <u>परिभाषा</u> :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **“समाज कल्याण परिषद्”** भन्नाले समाज कल्याण ऐन २०४९ द्वारा गठीत परिषद्लाई सम्झनु पर्दछ।

(ख) **“समाज कल्याण कार्य ”** भन्नाले समाजका कमजोर, असहाय, अशक्त व्यक्तिका लागि सेवा पुर्‍याउने र समाजका पिछडिएका वर्गलाई आर्थिक एंव सामाजिकरुपमा सक्षम वनाउन गरिने सामाजिक कार्यलाई सम्झनु पर्दछ ।

(ग) **“ गैर सरकारी संस्था (गै.स.स.) ”** भन्नाले नाफा र व्यक्तिगत लाभको अपेक्षा नराखि विशुद्ध समाज सेवाको भावनाले स्थापना गरिएको कल्याणकारी संस्थालाई सम्झनुपर्दछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

(घ) **“अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (अ.गै.स.स.) ”** भन्नाले नाफा र संस्थागत लाभको अपेक्षा नराखि विशुद्ध समाज सेवाको भावनाले नेपालमा आई काम गर्ने कल्याणकारी अन्तर्राष्ट्रिय दातृ संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ङ) **“समाज सेवा”** नाफाको उद्देश्य नराखि व्यक्तिगत वा सामुहिक रुपमा गरिने समाज कल्याण कार्यलाई सम्झनु पर्दछ ।

(च) **“कार्य संचालन समिति”** भन्नाले समाज कल्याण ऐन २०४९ को दफा १०(१) बमोजिम गठित समितिलाई बुझ्नु पर्दछ ।

(छ) **“संझौता”** भन्नाले समाज कल्याण नियमावली २०४९ को दफा १२ बमोजिम अन्तर्राष्ट्रिय गैर सरकारी संस्था संग गरिने साधारण तथा परियोजना संझौता सम्झनु पर्दछ ।

ज) **“सेवा”** भन्नाले लाभ तथा हानीको अपेक्षा नराखि गरिने कार्यलाई सम्झनु पर्दछ ।

(झ) **“सुविधा”** भन्नाले परिषद् संग भएको संझौता अनुसार प्राप्त हुने एवं नेपाल सरकारको प्रचलित ऐन, नियम अनुसार उपलव्ध हुने सुविधालाई सम्झनु पर्दछ ।

(ञ) **“सदस्य-सचिव”** भन्नाले समाज कल्याण परिषद्को सदस्य-सचिव सम्झनु पर्दछ ।

## (३) <u>समाज विकास कार्यक्रम :</u>

समाज कल्याण ऐन तथा नियमावली २०४९ को क्रमशः दफा १२ र ७ (४) अनुसार संझौता भई परिषदसंग सम्वद्ध रहेका अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुद्धारा समाज विकास संग सम्वन्धित विभिन्न क्रियाकलापको माध्यमवाट नेपालको समग्र क्षेत्रको विकासको लागि सहयोग पुऱ्याउन नेपाल सरकार संग समन्वय गरी अनुमति प्राप्त पश्चात परिषद्संग साधारण एवं कार्यक्रम संझौता गरी सम्वन्धीत मन्त्रालय, निकाय तथा सामाजिक संघ संस्थाहरु मार्फत समाज विकासका कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

## (४) <u>साधारण संझौता</u> :

समाज कल्याण ऐन २०४९ को दफा १२ र नियमावली २०४९ को दफा २ (९) वमोजिम नेपालमा समाज विकासको क्षेत्रमा काम गर्न इच्छुक अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले साधारण सम्झौता गर्नको लागि देहाय बमोजिम कागजात/विवरणहरु पेश गर्नु पर्नेछ ।

क) संस्था दर्ता प्रमाण-पत्र (सम्वन्धित देशको)
(Certificate of Registration (In its homeland)

ख) विधान (स्वीकृत)
By-Laws (Approved Constitution)

ग) विधानले स्पष्ट उद्देश्य व्याख्या नभएको खण्डमा उद्देश्यलाई स्पष्ट पार्न सक्ने अन्य कागज-पत्र पेश गर्नु पर्नेछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

(If by-Laws do not explain the objective clearly and authentic document to state its objectives is required in addition)

घ) आर्थिक प्रतिवद्धता न्यूनतम अमेरिकी डलर दुईलाख प्रति वर्ष ।©

ङ) संस्थागत जानकारी सहितको अवधारणापत्र,

(Concept paper with organizational history)®

च) सम्झौताको मस्यौदा (तयार पारिएको खाकामा)

(A Draft Agreement (in prescribed format)

छ) संझौताको कार्यको लागि उपलब्ध गराइएको अख्तियारीनामा पत्र

(Letter of Authorization to deal the business of agreement)

ज) अख्तियार पाएको व्यक्तिको नागरिकता/राहदानी एवं व्यक्तिगत विवरण संलग्न गर्नुपर्नेछ ।
(The copy of authorized person's Citizenship/Passport and Bio-Data should have to include)®

झ) निवेदन पत्र (Covering Letter)

ञ) विश्वसनिय आर्थिक श्रोतहरु (Reliable funding sources)

माथि उल्लेखित सम्पूर्ण कागजपत्रहरु अंग्रेजी भाषामा हुनुपर्नेछ । अन्य भाषामा उपलब्ध भएको अवस्थामा अंग्रेजी भाषामा अनुवाद गरी आधिकारिक निकाय वा सम्वन्धित देशको राजदुतावासवाट प्रमाणीत गरी पेश गर्नु पर्नेछ । उपरोक्त सवै कागजातहरुमा छाप, हस्ताक्षर सक्कल हुनु पर्नेछ साथै सवै कागजातहरु खामवन्दी गरी समाज कल्याण परिषद्मा प्रेषित गर्नु पर्नेछ ।

**(५) <u>देशीय प्रतिनिधीको योग्यता/अनुभव</u>**

(क) देशीय प्रतिनिधिको र विदेशी विशेषज्ञको हकमा कम्तीमा स्नातककोत्तर उतीर्ण गरेको हुनुपर्नेछ । तर निर्देशिका जारी हुनु अगावै कार्यरत देशिय प्रतिनीधीहरुको नविकरणको हकमा पद निरन्तर भएमा यो व्यवस्था लागू हुनेछैन ।®

ख) देशीय प्रतिनिधीको रुपमा काम गर्न आउने व्यक्ति सम्वन्धित क्षेत्रमा कम्तीमा ५ वर्ष अनुभव प्राप्त भएको हुनु पर्ने ।

(ग) नेपालको आर्थिक सांस्कृतिक र सामाजिक क्षेत्रको ज्ञान भएको हुनुपर्ने ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

(घ) अन्तर्राष्ट्रिय स्तरको विकास नीति, योजना र कार्यक्रम क्षेत्रको ज्ञान भएको हुनुपर्ने ।

(ङ) कुनै पनि कानूनले दोषी करार नगरेको हुनुपर्ने ।©

(च) देशीय प्रतिनिधिमा नेपाली नागरिकलाई प्राथमिकता दिनु पर्नेछ । यदि विदेशी नागरिक देशीय प्रतिनिधि हुने अवस्थामा अनिवार्य रुपमा उप प्रमुख नेपाली नागरिक हुने सुनिश्चिता गर्नुपर्ने छ ।€

(६) **साधारण संझौता नविकरण**

समाज कल्याण परिषद्संग साधारण/कार्यक्रम सम्झौता गरी काम गर्दै आएका अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले एक कार्यकाल पुरा गरी अर्को कार्यकालको लागि साधारण संझौता नवीकरण गर्न देहाय बमोजिम कागजात/विवरण पेश गर्नु पर्नेछ ।

क) मुल्यांङ्कन प्रतिवेदन (Evaluation Report)

ख) साधारण संझौताको खाका (General Agreement Draft) (अनुसूचि-१ वमोजिम)

ग) लेखा परिक्षण प्रतिवेदन (Audit Report)

घ) अन्तिम मूल्यांकन प्रतिवेदनले औंल्याएका सिफारिसलाई कार्यान्वयन गर्ने प्रतिवद्धता ।

ङ) वार्षिक आर्थिक प्रतिवद्धतापत्र (Annual Financial Commitment Letter)

च) प्रगति प्रतिवेदन€

छ) विधान वा By Laws र दर्ता प्रमाणपत्र€

ज) सम्झौता अवधिमा संचालन गर्ने कार्यको संक्षिप्त अवधारण (Concept Note)€

(७) **समयावधि :**

१) समाज कल्याण परिषद्मा आधिकारिक पूर्ण कागजात पेश गरेको १५ दिन भित्र स्वीकृत भई नेपाल सरकारको अन्तिम समन्वयको लागि पठाईनेछ ।

२) साधारण संझौताको समयावधि थप गर्नु पर्ने भएमा परिषद्का सदस्य-सचिवले गर्न सक्नेछ ।

३) परिषद्को सिफारिस सहित गएको पत्र एवं कागजात तेश्रो हप्ता (२१ दिन) सम्ममा सहजीकरण समितिको वैठकमा छलफल हुनेछ । तर कुनै कारणवस कार्यभार एंव सम्वन्धीत मातहत निकायसंग समन्वय गर्नु पर्ने अवस्थामा समय लाग्नेछ ।

४) चौथो हप्ता अर्थात एक महिना भित्र सहमति प्राप्त हुन सक्नेछ ।

५) नेपाल सरकारवाट परिषद्मा सहमति प्राप्त भएको मितिले १ हप्ता भित्र साधारणतया दातृ संस्था र परिषद् वीच साधारण संझौता पत्रमा हस्ताक्षर हुनेछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

६) साधारण सम्झौताको अवधि ३ वर्ष वा ५ वर्षको हुनेछ । अवधि समाप्त भएपछि नविकरण गर्न सकिने छ ।€

**(८) कार्यालय स्थापना/निरिक्षण**

क) परिषद् संग संझौता गरेका अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले अनिवार्य रुपमा कार्यालय खोल्नु पर्नेछ ।

ख) साधारण संझौता भएपछि सम्वन्धित अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाको कार्यालय आवश्यकता अनुसार परिषद्ले कार्यालय निरिक्षण गर्न सक्नेछ । सो निरीक्षण प्रतिवेदनको आधारमा मात्र परियोजना संझौताका प्रकृया अगाडी वढाईन्छ ।

ग) अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले समय समयमा कार्यालयको ठेगाना/फोन.नं/इमेल परिवर्तन भएमा जानकारी गराउनु पर्नेछ ।

**(९) परियोजना संझौताः**

अ.गै.स.स. हरुले परिषद्संग साधारण संझौता सम्पन्न भएको मितिले ३ महिना भित्र परिषद्ले तोकेको ढांचा बमोजिम परियोजना संझौताको लागि पेश गर्नु पर्नेछ । साथै परियोजना प्रस्ताव पेश गर्न ३ महिना समय अपुग भएमा पुनः ३ महिना समयावधि थप गर्न निवेदन दिन सकिनेछ र परिषद्वाट स्विकृती प्राप्त भएपछि सो अवधि भित्र परियोजना प्रस्ताव पेश गरिसक्नु पर्नेछ । अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले परिषद् संग परियोजना संझौता गरे पश्चात मात्र कार्यक्रम संचालन गर्न सक्नेछ ।

**(१०) सेवा शुल्क/दस्तुर :**

१) परिषद्सँग साधारण र परियोजना सम्झौता गरी चौमासिक तथा वार्षिक प्रतिवेदन नबुझाउने एवं केन्द्रीय परियोजना सल्लाहकार समितिको बैठक आयोजना नगर्ने र सम्झौतामा उल्लेखित प्रावधानहरु पुरा नगरी सम्पर्क विहिन हुने अन्तराष्ट्रिय गैरसरकारी संस्थालाई सार्वजनिक सूचना जारी गरी जानकारी गराउँदा पनि सम्पर्कमा नआएकालाई कालो सूचिमा राखी सार्वजनिक गरिने छ ।®

२) अन्तराष्ट्रिय गैरसरकारी संस्थाले परिषद्सँग साधारण सम्झौता गरेको मितिले ३ महिनाभित्र परियोजना सम्झौताको लागी आवश्यक कागजात सहित परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ । उक्त समय भित्र परियोजना प्रस्ताव पेश गर्न नसकेको उचित कारण सहित निवेदन पेश गरेमा थप ३ महिनाको समय थप गरी दिनु पर्नेछ । उक्त अवधि भित्र पनि परियोजना प्रस्ताव पेश नगरी म्याद समाप्त भएको ६ महिनाभित्र निवेदन दिन आएमा विलम्ब शुल्क वापत ५०० डलर (अमेरिकी डलर पाँच सय) बराबरको नेपाली रकम लिई परियोजना सम्झौताको कार्यवाही गरिदिनु पर्नेछ । उक्त अवधि पछि परियोजना सम्झौताको लागी निवेदन पेश गर्न आएमा १००० डलर (अमेरिकी डलर एक हजार) बराबरको विलम्ब शुल्क वापत नेपाली रकम लिई परियोजना सम्झौताको प्रकृया अगाडी बढाउनु पर्नेछ ।®

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

३) परिषद्संग गरेको साधारण संझौताको अवधी समाप्त हुनुभन्दा ९० दिन अगाडी नविकरणको लागि निवेदन पेश गनुपर्ने छ । नविकरणको लागि निवेदन पेश नगरी साधारण सम्झौताको समय समाप्त भएको मितिले १ बर्ष भित्र निवेदन पेश गरेमा विलम्ब दस्तुर वापत अमेरिकी डलर १००० (एक हजार) बरावरको नेपाली रुपयाँ र नविकरण वापतको अमेरिकी डलर ५०० (पाँच शय) बरावरको नेपाली रुपयाँ समेत लिई नविकरण गर्नुपर्नेछ । परियोजना सम्झौतामा उल्लेखित प्रबधान अनुरुप कार्य नगरी संपर्क विहिन भएका अन्तराष्ट्रिय गैरसरकारी संस्था पुनः सम्पर्कमा आई परियोजना सम्झौताको म्याद थप वा नयाँ परियोजना स्वीकृतिको लागी निवेदन पेश गरेमा त्यस्ता संस्थाहरु संग स्पष्टीकरण लिई विलम्ब शुल्क वापत २००० डलर (अमेरिकी डलर दुइ हजार) बराबरको नेपाली रकम दाखिल गर्न लगाई निवेदनको प्रकृया अगाडी बढाउनु पर्नेछ ।®

## (११) <u>सेवा सहमती एवं गैह्र पर्यटकिय प्रवेशाज्ञा :</u>

परिषद कार्यालय संग भएका साधारण एवं कार्यक्रम सम्झौता बमोजिम् नेपालमा आउने देशीय प्रतिनिधि तथा विशेषशज्ञलाई सेवा सहमति तथा नीज र नीजका परिवारलाई ग्रैह पर्यटकीय प्रवेशाज्ञा प्राप्त गर्ने प्रकृयाहरु तपशिल बमोजिमरहेका छन् यस्तो सेवा सुविधाका सम्वन्धमा साधारण सम्झौता भएको मितिले ६ महिना अवधि भित्र वा तोकिएको अवभि भित्र परियोजना सम्झौता नभए त्यस्ता संस्थाका देशिय प्रतिनिधीलाई यस्तो सुविधा सिफारिस गरिने छैनः©

क) साधारण संझौता बमोजिम १ जना देशिय प्रतिनिधीले सेवा सहमती र गैह्र पर्यटकीय प्रवेशाज्ञा प्राप्त गर्न सिफारिसका लागी तपसिल बमोजिमको कागजात संलग्न गरि निवेदन दिनु पर्नेछ ।

१) प्रवेशाज्ञा सम्वन्धि व्यवस्था प्रचलित अध्यागन ऐन तथा संस्थाको प्रधान कर्यालयबाट जारी भएको अवधि खुलेको नियुक्ति पत्र ।©

२) देशिय प्रतिनिधीको पासपोर्ट र भिषाको प्रतिलिपी

३) बायो डाटा

४) शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रमाणपत्रका प्रतिलिपीहरु

५) पासपोर्ट साइजको २ प्रति फोटो ।

६) भीसा र कार्य सहमतीको लागी भरेको फारम ।

७) म्याद थपका लागि आवेदन गर्दा देशिय प्रतिनिधिवाट उक्त अवधीमा सम्पन्न गरेको कार्य प्रगती विवरण समेत सम्लग्न गर्नु पर्ने ।

८) साधारण संझौता र परियोजना संझौताको प्रतिलिपी १।१ प्रति

ख) देशिय प्रतिनिधी/विशेषज्ञको परिवारले गैह्र पर्यटकिय प्रवेशाज्ञाको सिफारिस माग गर्दा निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछ :

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

१)	विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

२)	जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

३)	२ प्रति फोटो ।

४)	पासपोर्टको प्रतिलिपी ।

ग)	साधारण संझौता भएको मितिवाट (परियोजना संझौता नभइसकेको अवस्थामा) ३ महिनाका लागि सेवा सहमती एवं गैह्र पर्यटकीय प्रवेशाज्ञा उपलव्ध गर्न सिफारिस गर्न सकिने छ । साथै गैर पर्यटकीय प्रवेशाज्ञाको लागि संझौता हस्ताक्षर हुन मात्र वाँकी रहेको अवस्थामा थप ३ महिनाका लागि  सिफारिस गर्न सकिने छ ।

(घ)	परियोजना संझौतामा व्यवस्था भए बमोजिम विदेशी विशेषज्ञले सेवा सहमती एवं गैह्र पर्यटकीय प्रवेशाज्ञा प्राप्त गर्न सिफारिस माग गर्न तपसिल बमोजिमको कागजात सम्लग्न गरि निवेदन दिनु पर्नेछ ।

१)	विशेषज्ञको वायोडाटा

२)	शैक्षीक योग्यताको प्रमाणपत्रका प्रतिलिपी

३)	अनुभवको प्रमाणपत्रका प्रतिलिपी

४)	पद र अवधी खुलेको संस्थाको हेडक्वाटरवाट नियुक्ती गरेको नियुक्ती पत्र ।

५)	भीसाको फर्म र कार्य सहमतीको फर्म ।

६)	पासपोर्ट साइजको २ प्रति फोटो ।

७)	साधारण संझौता र सम्वन्धित परियोजना संझौताको प्रतिलिपी ।

८)	विशेषज्ञको म्याद थपका लागी सिफारिस माग गर्दा निजवाट सम्पादन गरेको कार्य प्रगति विवरण सम्लग्न हुनुपर्ने ।

९)	गैर पर्यटकीय प्रवेशाज्ञा वढीमा १ वर्षको लागि सिफारिस गरिनेछ । उल्लेखित कागजातहरु सम्लग्न भई आएको ५ दिन भित्र प्रकिया पुरा हुनेछ ।

ङ)	पर्यटक भिसामा रहेका कुनै पनि विदेशीले सामाजिक संघ संस्थामा संलगन रही काम गर्न पाउने छैन ।

च)	गैर पर्यटकीय प्रवेशाज्ञा प्राप्त गरेका देशीय प्रतिनिधी/विशेषज्ञहरुका परिवारलाई कार्य सहमति उपलब्ध गराइने छैन ।

(१२)	On Arrival Visa (आगमन प्रवेशाज्ञा) का लागी सिफारिस माग गर्दा तपसिल बमोजिमको कागजात सहित निवेदन दिनुपर्नेछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

१) सम्वन्धीत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको साधारण संझौताको प्रतिलिपी, परियोजना सम्झौतामा कार्यक्रम उल्लेख भएको हुनु पर्ने छ वा अन्तराष्ट्रिय स्तरको कार्यक्रम नेपालमा भएको -तालिम ,कार्यशाला, गोष्ठि) हुनु पर्नेछ ।©

२) व्यक्तीगत विवरण

३) पासपोर्टको प्रतिलिपी

४) फोटो २ प्रति

५) कार्यक्रमको विस्तृत विवरण (सहभागी हुने)

६) आउने जाने प्लेन टिकट

७) वस्ने होटलको नाम, ठेगाना

८) On arrival visa मा आउने विदेशीले काम गरिरहेको निकायको नियुक्ती पत्र ।

९) On Arrival Visa (आगमन प्रवेशाज्ञा) मा आउने व्यक्तिहरु सम्वन्धीत देशको सरकारी कर्मचारी, कुटनीति नियोगका कर्मचारीहरु र सम्वन्धीत अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको सम्वन्धीत देशको कर्मचारी हुनु पर्ने ।

१०) सम्वन्धीत अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वाट on arrival visa मा आउने विदेशीलाई आफनो देश फर्काउने प्रतिवद्धता पत्र ।

११) सम्वन्धित अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले विदेशी नागरिक आफनो देश फर्किसकेपछि सो को जानकारी परिषद् लगायत सवै सम्वन्धित निकायमा उपलव्ध गराउनु पर्ने ।

उल्लेखित कागजातहरु सम्लग्न भई आएको ५ दिन भित्र प्रकिया पुरा हुनेछ ।

(१३) On Arrival Visa (आगमन प्रवेशाज्ञा) को संवन्धमा नेपाल सरकारको नियमानुसार हुनेछ ।

(१४) नेपाल सरकारसंग भएको द्विपक्षीय संझौता भएका देहाय बमोजिमका संस्थाहरुको सिफारिस भई आउने विदेशी स्वयंसेवकहरुलाई प्रवेशाज्ञा र कार्य सहमतीको लागि परिषद् कार्यालयवाट सम्वन्धित निकाय/मन्त्रालयमा सिफारिस गर्न सकिनेछ ।

नेपाल सरकारसंग द्विपक्षिय संझौता गरेको Australian Youth Ambassaders for Development Program in Nepal (AYAD), Centre for International Studies and Coopration (CECI), UNITERA, Japan International Coopration Agency (JICA), Korean Coopration for International Agency (KOICA) जस्ता संस्थाहरु मार्फत परिषद्मा आवद्ध भएका राष्ट्रिय गैरसरकारी संस्थाहरुको काममा ठोस अभिवृद्धि गर्ने उदेश्यले आउने स्वयंसेवकहरुको लागी सैद्दान्तीक सहमतीको सिफारिस प्राप्त गर्न तपसिल बमोजिमको कागजातहरु सहित परिषद्मा निवेदन दिनुपर्नेछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

१) स्वयंसेवक उपलव्ध गराइने गै.स.स. परिषद्मा आवद्ध भएको प्रमाण पत्रको प्रतिलिपी कार्यक्रम स्वीकृति लिएको वार्षिक लेखा परिक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, संस्था नविकरण, स्थाई लेखा नम्वर लगायतका कागजातहरु परिषद्मा पेश गरेको हुनुपर्ने ।

२) विदेशी स्वयंसेवक आवश्यक पर्ने कारण, स्वयंसेवकले गर्ने काम, पद, क्षेत्र, स्पष्ट हुनुपर्ने

३) कुन कार्यक्रमका लागी स्वयंसेवकको आवश्यक परेको हो सो को औचित्य सहित राष्ट्रिय गैर सरकारी संस्थाको अनुरोध पत्र ।

४) V-1 फारम र संस्थाको वार्षिक कार्यक्रम, वजेट,

५) स्वयंसेवकको व्यक्तीगत विवरण, शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रहरु ।

६) नेपाल सरकारसंग भएको संझौताको प्रतिलिपी, उल्लेखित कागजातहरु सहित सैंद्धान्तीक सहमती प्राप्त भएपछी तपसिल बमोजिमको थप कागजात संलग्न गरि सेवा सहमती र औपचारिक प्रवेशाज्ञाका लागि पुनः आवेदन गर्नु पर्नेछ ।

७) स्वयंसेवकले भर्ने फारम, भीसा र पासपोर्टको प्रतिलिपी, फोटो २ प्रति ।

८) स्वयंसेवकको सेवा अवधि थपका लागि आवेदन गर्दा परिषदमा निजद्धारा सम्पादित कार्यको प्रगति प्रतिवेदन संलग्न गरेको हुनु पर्नेछ ।

उल्लेखित कागजातहरु सम्लग्न भई आएको ५ दिन भित्र प्रकिया पुरा हुनेछ ।

(१५) परिषद्वाट राष्ट्रिय तथा अन्तर्राट्रिय गैर सरकारी संस्थाहरुको लागि डोनेशनमा प्राप्त सामाग्रीहरुको भन्सार महसुल कर र आयात इजाजत उपलव्ध गर्न सिफारिस गर्न सक्नेछ ।® सो सामाग्री प्राप्त गर्न अपनाउनु पर्ने प्रक्रियाहरु :

(क) परिषद्संग संझौता गरि कार्यरत रहेको अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको संझौतामा व्यवस्था भए बमोजिमका सामग्रीहरुमा भन्सार महशुल कर, मूल्य अभिवृद्धि कर, आयात इजाजत र विलम्व शुल्क छुटका लागी तपसिल बमोजिमको कागजात सम्लग्न गरि परिषद्मा निवेदन दिनुपर्ने छ ।

१) संझौताको प्रतिलिपी,

२) डोनेशन लेटर

३) इन्भ्वाईस

४) सामाग्रीहरुको लिष्ट

५) सामाग्रीको फोटो (आवश्यकता अनुसार)

६) अघिल्लो आर्थिक वर्षमा भन्सार छुटमा सामाग्री प्राप्त गरेको भए परिषद्वाट गरिएको प्रभाव मूल्यांकनको प्रतिवेदन ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

७)	आर्थिक ऐनको व्यवस्था वा नेपाल सरकारले गरेको कुनै निर्णयमा भएको व्यवस्थाको छायाँप्रति ।€

८)	छुटमा प्राप्त हुने सामाग्रीहरुको संख्या, सामाग्रीको प्रयोग, उपयोग कहां कुन जिल्ला, क्षेत्रमा हुने हो, लक्षीत वर्ग संख्या, समन्वय हुने निकाय समेतको विस्तृत जानकारी रहेको विवरण ।€

उल्लेखित कागजातहरु समलग्न भई आएको ५ दिन भित्र प्रक्रिया पुरा हुनेछ ।

(ख)	यसैगरि परिषद्मा आवद्ध गै.स.स. हरुले डोनेशनमा प्राप्त सामाग्रीहरुको भन्सार महशुल कर, मुल्य अभिवृद्धि कर र आयात इजाजत तथा विलम्व शुल्क छुटका लागी सिफारिस माग गर्दा तपसिल बमोजिमका कागजातहरु समलग्न गरि परिषद्मा निवेदन दिनुपर्नेछ ।

१)	डोनेशन लेटर

२)	इन्भ्वाइस, सामाग्रीहरुको लिष्ट

३)	आवश्यकतानुसार सामाग्रीको फोटो

४)	संस्थाको कार्य समितिको निर्णय

५)	छुटमा प्राप्त हुने सामाग्रीहरुको संख्या, सामाग्रीको प्रयोग, उपयोग कहां कुन जिल्ला, क्षेत्रमा हुने हो, लक्षीत वर्ग संख्या, समन्वय हुने निकाय समेतको विस्तृत जानकारी रहेको विवरण ।®

(६)	आर्थिक ऐनको व्यवस्था वा नेपाल सरकारले गरेको कुनै निर्णयमा भएको व्यवस्थाको छायाँप्रति ।

उल्लेखित कागजातहरु सम्लग्न भई आएको ७ दिन भित्र प्रक्रिया पुरा हुनेछ ।

(१६)	भन्सार महशुल छुट सुविधामा प्राप्त सवारी साधनहरुको लिलामी र स्क्रयाप सम्वन्धि प्रक्रिया गर्दा तपसिल बमोजिमको कागजात सम्लग्न गरि परिषद्मा निवेदन दिनुपर्नेछ ।

१)	सवारी साधनको व्लुबुकको प्रतिलिपी (नविकरण भएको)

२)	परिषद्वाट सवारी साधनको स्थलगत अवलोकन गरि लिलामी प्रकृयाका लागि स्विकृत दिन सक्ने ।

३)	लिलामीको प्रक्रिया गर्दा लिलाम भएमा सोही बमोजिम र लिलाम नभएमा सम्वन्धित निकायमा स्क्रयापका लागी सिफारिस गरिने ।

४)	लिलाम प्रक्रिया गर्दा संस्थाको नियमानुसार अर्थात नेपाल सरकारको आर्थिक नियम वमोजिम पारदर्शी रुपमा गर्नु पर्नेछ ।

उल्लेखित कागजातहरु समलग्न भई आएको ५ दिन भित्र प्रक्रिया पुरा हुनेछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

(१७) संघ संस्थाहरुले खरिद गरेको सवारी साधनहरु पुराना भई काम नलाग्ने भएमा नियमानुसार लिलाम गर्न सवारी साधनको ब्लुबुक को प्रतिलिपी सहित सम्बन्धित सस्थाबाट स्विकृती माग भएमा परिषद् र मन्त्रालयको १/१ जना प्रतिनिधी समेत रहेको समितिवाट लिलाम प्रकृया गर्न स्विकृती दिइने र लिलामी प्रकृयावाट प्राप्त रकम संस्थाको उदेश्य अनुसारको कार्यमा नियमानुसार पारदर्शी रुपमा खर्च गर्नु पर्ने छ । सो संस्थाले लिलाम सम्बन्धी प्रकृया पुरा भएको ३ दिन भित्र परिषद्लाई जानकारी दिनु पर्नेछ । उक्त कार्यको लागि ३ देखी ५ दिनको समय लाग्नेछ ।

(क) संघ संस्थाहरुले कार्यालय तथा परियोजना संचालन गर्दा खरिद गरेको सवारी साधनहरु पुराना भई काम नलाग्ने भएमा नियमानुसार लिलाम गर्न सवारी साधनको ब्लुबुकको प्रतिलिपी सहित सम्बन्धित सस्थाबाट स्विकृती माग भएमा परिषद् र मन्त्रालयको १/१ जना प्रतिनिधी समेत रहेको समितिवाट लिलाम प्रकृया गर्न स्विकृती दिइने र लिलामी प्रकृयावाट प्राप्त रकम संस्थाको उदेश्य अनुसारको कार्यमा नियमानुसार पारदर्शी रुपमा खर्च गर्नु पर्ने छ । सो संस्थाले लिलाम सम्बन्धी प्रकृया पुरा भएको ३ दिन भित्र परिषद्लाई जानकारी दिनु पर्नेछ ।€

(ख) संघसंस्थाले परियोजना सम्झौतामा उल्लेख भई भन्सार छुट सुविधामा खरिद वा प्राप्त गरेका सवारी साधन तथा अन्य जिन्सी सामानहरु परियोजनाको अवधी सकिए पश्चात कुनै सरकारी वा साझेदार संस्थालाई हस्तान्तरण गर्नुपर्ने भएमा परिषद्को पूर्व स्वीकृति लिएर हस्तान्तरण गर्नु पर्नेछ । आवश्यकता अनुसार परिषदलाई समेत हस्तान्तरण गर्न सकिनेछ ।€

(ग) नियम १७ (क) मा उल्लेख भए बमोजिम संस्थाले लिलाम सम्बन्धी प्रकृया पुरा भएको ३ दिन भित्र परिषद्लाई जानकारी दिनु पर्नेछ । साथै सस्थाले प्राप्त गरेको उक्त रकम संस्थाको उद्देश्य बमोजिमको कार्यमा योजना बनाई खर्च गर्न वा संस्था स्वयं वा परिषद मार्फत कुनै परोपकारी कार्यमा खर्च गर्न सक्नेछ । सो को जानकारी परिषदलाई अनिवार्य रुपमा गराउनुपर्नेछ ।€

(घ) संघसंस्थाको परियोजनाको लागि खरिद भएका सामाग्रीहरु परियोजना सम्पन्न हुँदा संस्थामा उपलब्ध नभएमा वा बिग्रेमा वा हराएमा सो को जानकारी परिषदमा गराउनुपर्नेछ । यस्तो अवस्थामा परिषद प्रशासनले थप छानविन गरि कार्य संचालन समितिमा पेशगरि निर्णय गरे बमोजिम हुनेछ ।€

(१८) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको स्थाई लेखा नम्वर, मूल्य अभिवृद्धि कर छुट दर्ता का लागी संझौताको प्रतिलिपी सहित परिषद्मा सिफारिस माग गर्नु पर्ने । प्रकृया पुरा भई प्राप्त भएको १ देखि २ दिन भित्र प्रक्रिया पुरा हुनेछ ।

(१९) सेवा सहमती र प्रवेशाज्ञाको सिफारिस गर्दा समाज कल्याण नियमावली २०४९ को १९ बमोजिम र परिषद्को कार्य संचालन समितिको मिति २०६९।१।१२ को निर्णय अनुसार गर्नु पर्नेछ ।

(२०) भन्सार महशुल छुट सिफारिस, आयात ईजाजत, सवारी साधनको लिलाम प्रक्रिया, प्रवेशाज्ञा, सैद्धान्तिक सहमति लगायतका सबै प्रकारका सिफारिस सम्वन्धि आवश्यक कागजात सहित परिषद कार्यालयमा निवेदन प्राप्त भए पछि सिफारिस गरीनेछ ।©

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

- यसै गरि भीसाको सिफारिस, भन्सार महसुल छुट र मूल्य अभिवृद्धि कर र आयात ईजाजत, सवारी साधनको लिलाम प्रकृया, स्क्रयापमा सिफारिस उपलब्ध गर्न आर्थिक विधेयक, राजपत्रमा प्रकाशित सूचना, आर्थिक ऐन, नियममा भएको व्यवस्था, आर्थिक अध्यादेश, नेपाल सरकारका निर्णयहरु, परिपत्रहरु, समाज कल्याण ऐन/नियमानुसारको व्यवस्था समेतलाई आधारमानी परिषद् कार्यालय प्रमूखको निर्णयानुसार गरिनेछ । साथै अध्यागमन ऐन/नियमावली, श्रम ऐन/नियमावली समेतलाई आधार मानिने छ ।
- सेवा शाखावाट भए गरेका सम्पूर्ण सिफारिसहरुको विस्तृत विवरण शाखामा रजिष्टर खडा गरि रजिष्टरमा अभिलेख राख्नु पर्ने छ ।
- भन्सार विक्रीकर तथा अन्त शुल्क छुटको लागत राख्ने समाज कल्याण परिषद् आर्थिक प्रशासन नियमावली २०५० को दफा ६५ वमोजिम भन्सार विक्रिकर तथा अन्त शुल्क छुटको लागि सिफारिस गरिएको विवरणहरुको लागत राख्नु पर्नेछ । भन्सार महशुल छुट सिफारिसको सामाग्रीहरुको अनुगमन गर्ने सम्बन्धि प्रक्रियागत कार्य अनुगमन शाखावाट हुनेछ ।
- भन्सार छुटको सिफारिसको वोधार्थ/कार्यार्थ अनुगमन शाखा र जीन्सी शाखालाई दिनुपर्नेछ ।
- छुट सिफारिस भएका सामाग्रीहरु संस्थाले प्राप्त गरेपछी संस्थाले सो को प्रमाण एक प्रति सहीत परिषद्वाट अनुगमन गराउनु पर्नेछ ।
- मालसामान प्राप्त भए पछि प्राप्त भएको सामाग्री जिन्सी श्रेस्तामा आम्दानी वाधी कहाँ कसरी प्रयोग गरिने, वितरण गरिने वा हस्तान्तरण गरिने हो सो को विवरण परिषद्मा उपलब्ध गराउनु पर्नेछ ।
- छुट सिफारिसमा आएका, सामाग्रीहरु परिषदमा आउने नभएकोले सो को सम्परिक्षण संस्थाले वार्षिक लेखा परिक्षण गराई लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको हुनुपर्नेछ ।
- संघ संस्थाले खरिद गरेका मालसामानहरुको विवरण समेत संस्थाको जिन्सी अभिलेखमा राखी परिषदलाई समेत जानकारी गराउनु पर्नेछ ।
- संघ संस्थाहरुले मालसामानहरु, सवारी साधनहरु परिषद/साझेदार संस्थालाई हस्तान्तरण गर्ने सम्वन्धमा परिषद् कार्यालय प्रमूखको निर्णयानुसार गर्नु पर्नेछ ।
- विदेशी व्यक्ति वा संस्थावाट Donation मा प्राप्त हुने मालसामानहरु परिषदको सिफारिसमा भन्सारवाट मालसामान छुटाई मालसामान प्राप्त भएपछि तत् सम्वन्धि प्रमाण एक प्रति वा त्यसको प्रतिलिपी संवन्धित संघ संस्था वा कार्यालयले परिषदमा पेश गर्नु पर्नेछ ।

२१) भन्सार महशुल तथा मूल्य अभिवृद्धी कर छुटका लागि सिफारिस गर्दा समाज कल्याण नियमावली २०४९ को उपनियम २२ बमोजिम र परिषद्को निर्णय अनुसार गर्नु पर्नेछ ।

(२२) सेवा सहमती, औपचारिक प्रवेशाज्ञा, श्रम स्विकृती सम्वन्धी अन्य प्रक्रियाहरु नेपाल सरकारको नियमानुसार हुनेछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप

(२३) भन्सार महशुल, मूल्य अभिवृद्धीकर, विलम्व शुल्क, आयात इजाजत आदिको लागी परिषद्वाट सिफारिस भई सकेपछी सम्वन्धीत मन्त्रालय, विभाग वा निकायवाट अन्य प्रकियाहरु गर्नुपर्नेछ ।

(क) अन्तराष्ट्रिय गैर सरकारी संस्थाले परिषद कार्यालयमा आवश्यक आगजात र विवरण सहित निवेदन पेश गर्दा संस्थाको छाप र अधिकार प्राप्त व्यक्तिको दस्तखत भउको हुनु पर्नेछ ।©

(ख) परिषद कार्यालयमा प्रवेशाज्ञा, भन्सार छुट, परिरोजना नविकरण, परियोजना संशोधन, साधारण सम्झौता नविकरण, संशोधन वा अन्य सिफारिस कार्यका लागि कागजात पेश गरिदा केन्द्रीय परियोजना सल्लाहकार समितिको बैठकको सबै भन्दा पछिल्लो बैठकको प्रतिलिपी पेश गर्नु पर्नेछ ।©

**(२४) <u>प्रगति प्रतिवेदन पेश गर्नु पर्ने</u> :**

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले समाज कल्याण परिषद्संग संझौता गरी कार्यक्रम संचालन गरे पश्चात नियमित रुपमा परिषद्मा र अन्य सम्वन्धित निकायहरुमा नियमित रुपमा कार्य प्रगति विवरण समाज कल्याण ऐन २०४९को दफा २३ अनुसार बुझाउनु पर्नेछ ।

**(२५) <u>लेखा परिक्षणप्रतिवेदन</u>**

दातृ संस्थाको तर्फवाट नियमित रुपमा समाज कल्याण ऐनको दफा १८ र नियमावलीको दफा २१ अनुसार लेखा परिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**(२६) <u>निर्देशिकाको पालना</u>**

यो निर्देशिका सम्बन्धित संघ संस्थाहरुले पालना गर्नु पर्नेछ ।

क) साधारण संझौता रद्द गर्ने सम्बन्धि व्यवस्था : समाज कल्याण ऐन २०४९ को दफा १२ बमोजिम साधारण सम्झौता गरी कार्यरत रहेका अन्तराष्टिय गैरसरकारी संस्थाले नेपाल स्थित देशिय कार्यालय बन्द गर्न चाहेमा साधारण सम्झौता रद्द गर्नको लागि निवेदन दिनुपर्नेछ र रद्द गर्ने (Wrap up/ Closure Evaluation) प्रतिवेदनको आधारमा परिषद् कार्यसंचालन समितिले सम्झौता रद्द गर्ने सम्बन्धि निर्णय गर्नेछ ।€

**(२७) <u>निर्देशिकाको व्याख्या/बाधा अडकाउ फुकाउ</u>**

१) यस निर्देशिकाको व्याख्या, संशोधन तथा बाधा अड्काउ फुकाउने अधिकार समाज कल्याण परिषद्को कार्य संचालन समितिलाई हुनेछ ।

२) यस निर्देशिकामा कुनै विषय स्पष्ट नभएमा तथा काममा वाधा अडकाउ भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार परिषद्को कार्यालय प्रमुखलाई हुनेछ । साथै यो निर्देशीका कार्यान्वयन सम्वन्धी थप निर्देशन दिन सक्नेछ ।

© (प्रथम संशोधन २०७३)
® दोश्रो संसोधन २०७७
€ दोश्रो संसोधन २०७७ बाट थप